# ओखलढुङ्गा जिल्ला अदालत

## ओखलढुङ्गा

मिति-२०७८/०२/३१

## सुचना ! सुचना !! सुचना !!!

विश्वव्यापी रुपमा फैलिरहेको नोबल कोरोना भाईरस (कोभिड-१९) को दोश्रो भेरिएन्टका कारण यस अदालतबाट स्थानीय तह एवं जिल्ला प्रशासन कार्यालयको निषेधाज्ञा समेतको आधारमा मिति २०७८।१।२२ देखि विभिन्न सूचना मार्फत मिति २०७८।०२।३१ सम्म यस अदालतबाट प्रदान गरिने विभिन्न सेवाहरुमा संकुचन गरिएको थियो। मिति २०७८।०२।३१ को जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेशानुसार मिति २०७८।०३।०७ सम्म जिल्लाभरी लागू हुने गरी निषेधाज्ञा जारी भएको छ। प्रमुख जिल्ला अधिकारीको उक्त आदेश एवं सर्वोच्च अदालतको मिति २०७८।०१।१४ को पूर्ण बैठकको निर्णय र सो पछिका निर्णयहरु समेतका आधारमा मिति २०७८।०३।०७ सम्म यस अदालतबाट हुने नियमित काम कारवाही मध्ये देहाय बमोजिमका काम कारवाहीहरु मात्र सम्पादन हुने गरी निर्णय भएको हुँदा सम्बन्धित सबै सरोकारवाला तथा सेवाग्राहीहरुलाई जानकारीको लागी यो सुचना जारी गरिएको छ।

१. म्याद थप, पक्राउ पुर्जी, कल डिटेल अनुमती र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्य गर्ने।

२. अभियोग दर्ता, अभियोग पत्रसाथ पेश भएका अभियुक्तको बयान लिने, थुनछेक गर्ने।

३. बन्दिप्रत्यक्षीकरण र निषेधाज्ञा सम्बन्धि निवेदन दर्ता तथा सुनुवाई गर्ने।

४. फरार प्रतिवादीहरु प्रहरी द्वारा पक्राउ गरी ल्याइएमा बयान तथा थुनछेक सम्बन्धि कार्य गर्ने।

५. फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदनसंग सम्बन्धित कार्य गर्ने।

(नोटः- उल्लेखित सेवा बाहेक अन्य सेवाहरु स्थगन गर्ने । काम कार्बाही तथा सेवाप्रवाह स्थगन भएका अवधिलाई शुन्य समय मानी सो अवधिमा मुद्दा रिट तथा निवेदनहरुमा रहेका हदम्याद र तारेख समेत नगुज्रने एवं अन्य व्यवस्थापकिय पक्षहरु अदालत प्रशासनले मिलाउने ।)

२०७८/२/३१